नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

टेलिफोनः ४२००६५१, ४२६४६८।
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

सिंहदरबार,
काठमाडौँ, नेपाल

पत्र संख्याः- ०७७/०७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३०२

मिति- २०७७/४/३२

**विषयः तथ्याङ्क अध्यावधिक गर्ने सम्बन्धमा ।**

श्री प्रमूख प्रशासकीय अधिकृतज्यू
स्थानीय तह सवै।

प्रस्तुत विषयमा यस विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रममा पारदर्शीता साथै प्रभावकारिता अभिवृद्दी गर्ने र निकासामा नियन्त्रण गर्ने उदेश्यले सामाजिक सुरक्षा ऐन,२०७५ को दफा १९ र सामाजिक सुरक्षा नियमावलीको नियम १३ अनुसार तपसिल बमोजिमका कार्यहरू गर्नु गराउनुहुन अनुरोध छ।

१। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम दर्ता गरी विभागको एम आइ एस प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्ने। एम आइ एसमा प्रविष्टि नभई कुनैपनि लाभग्राहिलाई भत्ता वितरण गर्न पाईनेछैन र विभागले निकासा पठाउदा सोही एम आइ यस प्रणालीको विवरणको आधारमा मात्र बजेट निकासाको ब्यवस्था मिलाउनेछ।

२। भत्ता वितरण गर्दा विभागको एम आइ यस प्रणालीको भरपाई भन्दा छुट्टै भरपाई बनाई भत्ता वितरण गरेको समेत जानकारी प्राप्त हुन आएकाले कानून बपरित उक्त तरिकाले भत्ता वितरण नगर्ने नगराउने।

३। विभागको प्रणालीमा धेरै संख्यमा लाभग्राहीको लगत कट्टा गर्नुपर्ने देखिएकोले त्यस्ता लाभग्राहीको लगत कट्टा तुरुन्त गरी के कती संख्यामा लगत कट्टा भयो सो को जानकारी विभागलाई उपलब्ध गराउने ।

४। वडा कार्यालयलाई निकासा उपलब्ध गराउँदा सम्वन्धित वडाको लाभग्राहीको Data Based तथ्याङ्कको आधारमा मात्र वडा अनुसार आवश्यक पर्ने भत्ता रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा माग गर्नुपर्ने ।

५। विवरण अध्यावधिक गर्नुपर्ने देखिएका लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्ने।

६। नाम थर, जन्म मिति, नागरिकता परिचयपत्र नं. संरक्षक आदि विवरणका आधारमा दोहोरो देखिएका लाभग्राही विवरण यकिन गरी दोहोरो देखिएको विवरण कट्टा गर्नुपर्ने।

७। जन्म मिति, नागरिकता प्र.प.नं. संरक्षक साथै अभिभावक र अन्य आवश्यक खाली स्थानमा विवरण सही रूपले भर्नुपर्ने।

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np